# गण्डकी बोर्डिङ स्कुल

(राष्ट्रिय विद्यालय) लामाचौर, पोखरा

०६१-४४३३९८, ४४३४१४, ४४४७१९, www.gbs.edu.np

# प्रवेश परीक्षा सम्बन्धी सूचना !

गण्डकी बोर्डिङ स्कुलमा शैक्षिक सत्र २०८२ को लागि कक्षा ४ को नियमित र कक्षा ५ देखि ९ सम्मको रिक्त सिटमा पूरा शुल्क तिरेर आवासीय वा दिवा सुविधामा अध्ययन गर्न इच्छुक विद्यार्थीको प्रवेश परीक्षा तपसिल बमोजिमका शर्तहरूसहित हुने भएकोले आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कक्षा ४ को नियमित भर्नातर्फः**

१. कक्षा ३ मा पढिरहेको र २०८१ चैत्र मसान्त सम्ममा १० वर्ष ननाघेको हुनुपर्नेछ।
२. **आवेदन फाराम मितिः** २०८१ फागुन १८ गतेदेखि २०८१ चैत्र १९ गतेसम्म वितरण हुने छ।
३. **आवेदन फाराम बुझाउने अन्तिम मितिः** २०८१ चैत्र १९ गते ४:०० बजेसम्म।
४. **प्रवेश परीक्षा मितिः** २०८१ चैत्र २१ गते बिहीवार, बिहान १०:३० बजेदेखि सञ्चालन हुने छ।
५. प्रवेश परीक्षा कक्षा ३ को पाठ्यक्रमका आधारमा अङ्ग्रेजी, गणित र नेपाली विषयको हुने छ।

**कक्षा ५ देखि ९ सम्मको रिक्त सिटको भर्नातर्फः**

१. विद्यार्थी आवेदन गर्न चाहेको कक्षाभन्दा एक तह तलको कक्षामा अध्ययनरत रहेको हुनुपर्ने छ।
२. कक्षा ५ देखि ९ सम्मको रिक्त सिटको लागि आवासीय विद्यार्थीहरूलाई प्राथमिकता दिइने छ।
३. **आवेदन फाराम मितिः** २०८१ फागुन १८ गतेदेखि २०८१ चैत्र २४ गतेसम्म वितरण हुनेछ।
४. **आवेदन फाराम बुझाउने अन्तिम मितिः** २०८१ चैत्र २४ गते ४:०० बजेसम्म।
५. **प्रवेश परीक्षा मितिः** २०८१ चैत्र २६ गते मङ्गलवार, बिहान १०:३० बजेदेखि सञ्चालन हुने छ।
६. प्रवेश परीक्षा विद्यार्थी हाल अध्ययन गरिरहेको सम्बन्धित कक्षाको पाठ्यक्रमका आधारमा अङ्ग्रेजी, गणित, विज्ञान र नेपाली विषयको हुने छ।

**कक्षा ४ देखि ९ सम्मका सबै विद्यार्थीहरूले परीक्षामा अनिवार्य डटपेन अथवा मसी भएको कलम प्रयोग गर्नुपर्ने छ।**

**आवश्यक कागजातहरूः**

१. पासपोर्ट साइजको फोटो दुई प्रति।
२. हाल अध्ययन गरिरहेको कक्षाको दोस्रो त्रैमासिक परीक्षाको मार्कसिट/ग्रेडसिटको फोटोकपी एक थान।
३. सम्बन्धित वडा कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रको फोटोकपी एक प्रति।

**अन्य जानकारीहरूः**

१. कक्षा ४ को भर्नामा पोखरा महानगरपालिका वडा नं. १६ र १९ क्षेत्रमा स्थायी बसोबास गरेका विद्यार्थीहरूका लागि ६ वटा आरक्षित सिट रहेको हुँदा सो कोटामा आवेदन गर्न इच्छुक अभिभावकले सम्बन्धित वडा कार्यालयबाट सो क्षेत्रको स्थायी बासिन्दा हुन् भनी खुलाएको सक्कल कागजातसहित आवेदन पेश गर्नुपर्ने छ।
२. विस्तृत जानकारीका लागि विद्यालयमा सम्पर्क गर्नुहुन वा www.gbs.edu.np हेर्नुहोला।

**प्राचार्य**